# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।१०।२९

## प्रेस विज्ञप्ति

प्रश्न गर्दा पत्रकार सचित राईलाई इलाम माङसेबुङका विनोद साम्बाले भौतिक आक्रमणको धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

इलाम क्षेत्र नम्बर २ का एक उम्मेदवारले तत्कालीन प्रतिनिधिसभा सदस्य बहाल रहँदा दमक-चिसोपानी सडक निर्माणका विषयमा 'सात दिनभित्र ठेक्का लगाउने' भनी दिएको अभिव्यक्ति सेयर गर्दै प्रश्न सोधेको निहुँमा पत्रकार राईलाई साम्बाले ज्यान लिनेसम्मको धम्की दिएको महासंघ प्रतिष्ठान प्रदेश समितिले जनाएको छ ।

सार्वजनिक सरोकारका विषयमा प्रश्न गर्दा पत्रकारलाई धम्की दिनु अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको ठाडो प्रहार हो । महासंघ यो घटनाको छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org